# काठमाडौं विश्वविद्यालय

धुलिखेल, काभ्रे, नेपाल

## अक्षयकोष स्थापना र छात्रवृत्ति व्यवस्थापनका लागि काठमाडौं विश्वविद्यालय र दाता वीचको सहमति पत्र

१. अक्षयकोषको नाम : भूपेन्द्र वहादुर थापा स्मृति छात्रवृत्ति कोष

२. उद्देश्य :
नेपालका वरिष्ठ फर्मासिष्ट स्व. भूपेन्द्र वहादुर थापाले नेपालमा औषधि विज्ञान (Pharmaceutical Sciences) शिक्षा तथा अनुसन्धानमा पु–याउनु भएको विशेष योगदानको कदर गर्दै यस क्षेत्रमा भविष्यमा पनि निरन्तर विकास होस् भन्ने हेतुले काठमाडौं विश्वविद्यालय अन्तर्गत संचालित फार्मेसी विषयको स्नातक (BPharm) कार्यक्रममा अध्ययन गर्ने एकजना विद्यार्थीलाई पूर्ण/आंशिक छात्रवृत्ति प्रदान गरी अध्ययन तथा अनुसन्धानको माध्यमवाट गुणात्मक उच्च शिक्षाको विकास र प्रवर्न्धनमा सहयोग पु–याउने यसको उद्देश्य रहेको छ ।

३. छात्रवृत्ति अक्षयकोषको स्थापना:
उपरोक्त उद्देश्य प्राप्तीका लागि श्रीमती शोभा थापाको परिवारले काठमाडौं विश्वविद्यालयको नाममा रु ३०,००,०००। अक्षरेपी तीस लाख रकमको छात्रवृत्ति अक्षयकोषको स्थापनाका लागि रकम जम्मा गर्नु हुनेछ । सो रकमवाट प्राप्त हुने वार्षिक व्याजको ९०% रकमवाट पूरै वा आंशिक छात्रवृत्ति प्रदान गरिनेछ । व्याजको १०% रकम अक्षयकोषमा वर्षेनी जम्मा हुने व्यवस्था गरिने छ ।

४. छात्रवृत्तिको छनौट प्रक्रिया :
काठमाडौं विश्वविद्यालयमा अध्ययनरत स्नातक तहको प्रथम वर्षका फार्मेसी विद्यार्थीहरु मध्ये विश्वविद्यालयले निर्धारण गरेको प्रक्रिया अनुसार छनौट गरिने छ ।

- यस छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा आर्थिक रुपमा असक्षम महिला विद्यार्थी र जेहेन्दार विद्यार्थी मध्येवाट गरिने छ ।
- दुर्गम क्षेत्रको विद्यार्थीलाई प्रथम र विशेष प्राथमिकता दिइने छ ।
- महिला विद्यार्थी नभएको खण्डमा मात्र पुरुष विद्याथीलाई छात्रवृत्ति दिइने छ ।
- छनौट भएका विद्यार्थीको राम्रो नतिजाको आधारमा नियमीत अवधिमा (**regular time frame**) स्नातक तह पूरा नगरुन्जेल छात्रवृत्ति प्रदान गरिने छ ।
- छनौट भएका विद्यार्थीले स्नातक तह उत्तीर्ण गरेपछि मात्र अर्को विद्यार्थीलाई छात्रवृत्तिका लागि छनौट गरिने छ ।
- दाताले चाहेमा विद्यार्थी छनौट प्रक्रियामा दाताको प्रतिनिधिलाई आमन्त्रितको रुपमा सहभागी गरिने छ ।

५. छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया:

- पूर्ण / अर्ध / आंशिक मध्ये कोषको व्याजको रकमले भ्याउने सम्म छात्रवृत्ति दिन सकिने छ ।
- छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी चरित्रवान, अनुशासित र विश्वविद्यालयको आचरण सम्वन्धि नियम पालना गरेको हुनु पर्ने छ ।
- छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले राम्रो नतिजा ल्याउन नसकेमा छात्रवृत्ति रकम प्रदान गरिने छैन ।
- कुनै विद्यार्थी कारणवश वीचैमा अध्ययन छाडेमा वाँकी अवधिको छात्रवृत्ति पाउने छैन ।

६. खर्च नभएको रकम :

अक्षयकोष व्याजवाट प्राप्त हुने रकम कुनै कारणवश खर्च हुन नसकेमा वा खर्च भै वाँकी रहन आएमा सो वाँकी रकम अर्को वर्ष प्रदान गरिने छात्रवृत्ति प्रयोजनका लागि खर्च गरिने छ ।

- यो रकम छात्रवृत्ति वाहेक अन्य प्रयोजनका लागि खर्च गरिने छैन ।

७. रकम थप गर्न सकिने :

दाताले वा दाताको नाममा परिवार वा अरु कसैले यस अक्षयकोषमा रकम थप्न चाहेमा विश्वविद्यालयको स्वीकृति लिई थप गर्न सकिने छ ।

८. विविध :

- छात्रवृत्ति प्रदान भएको जानकारी विश्वविद्यालयको वेभ साइट र निस्किने वुलेटीनमा प्रचार प्रसार गरिने छ ।
- छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको शैक्षिक विवरण दाताले माग गरेमा वार्षिक रुपमा उपलव्ध गराउन सकिने छ ।
- यस सहमति पत्रमा दाताले केही कुरा थपघट गर्न चाहेमा विश्वविद्यालयको सहमतिमा थपघट गर्न सक्ने छ तर अक्षयकोषको रकम झिक्न पाइने छैन ।

| | |
|---|---|
| विश्वविद्यालयको तर्फवाट | दाताको तर्फवाट : ओना थापा |
| रजिष्ट्रार : डा. भोला थापा | २०६३-०३-१० |
| मिति : २०६३ आषाढ १० | |

# KATHMANDU UNIVERSITY
## MEMO

**From:** Registrar

**To:** HOD, Pharmacy Dept

**Date:** 04.11.2016

| For✓ | To |
|---|---|
| Action | |
| Opinion | |
| Approval | |
| Information | |
| Follow up | |
| Signature & Returm | |
| Filling | |

Pls. find copy of MOU with Ms. Shova Thapa for establishing Scholorship fund in the name of Late Bhupendra Thapa.
Make arrangement to falicitate Ms. Thapa ~~and~~ accept Fund.

Copy:
1. Dean, SoSc
2. Director, SW
3. Prof. Panna Thapa
4. Account section

Registrar Office:
Kee record in MOU file.

✓Tick as appropriate